# HISSAN CENTRAL EXAMINATION – 2079(2022)

**कक्षा : १२** **पूर्णाङ्क : ७५**

**समय : ३ घण्टा**

**विषय : अनिवार्य नेपाली (००२१ D)**

---

**विद्यार्थीले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्ने छ ।**

**सबै प्रश्न अनिवार्य छन् ।**

१. **तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको अक्षर संरचना र अक्षर सङ्ख्या देखाउनुहोस् :** (३)
शैक्षिक केन्द्रमा आक्रमणकारीको आक्रमण नगर्ने योजना रहेकाले त्यतिखेर अक्सफोर्ड सहर निकै सुरक्षित मानिन्थ्यो ।

२. **शुद्ध गरी पुनर्लेखन गर्नुहोस् :** (३)
प्रकृतिसँग जुध्नुनै जिवनको रमाइलो हो भन्ने भावलाई हृयाकूलाले छोपेर नै म सुदूर पस्चिमको भ्रमणमा निस्केको थिए

३. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (२)

(क) **दिइएको उद्धरणबाट एउटा पारिभाषिक शब्द र एउटा अनुकरणात्मक शब्द पहिचान गरी वाक्यमा प्रयोग गर्नुहोस् :**
अंशको बाँडफाँटमा कुरा नमिलेका कारण भाइले जिल्ला अदालतमा मुद्दा हालेपछि विगत केही वर्षदेखि तारिख खेप्दै आएको फुर्बाको अनुहार फुङ्ग उडेको जस्तो देखिन्छ । ऊ साथीभाइसँग खिस्स हाँस्न पनि सक्तैन ।

(ख) **दिइएको अनुच्छेदबाट एउटा टुक्का र एउटा उखान पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :**
विद्यालयमा आयोजना भएको नृत्य प्रतियोगितामा उत्कृष्ट नृत्य प्रदर्शन गरेर छात्राहरूले सबैको मन जिते । उनीहरूको नृत्य हेर्दा नाच्न नजान्ने आँगन टेढो भनेर कसैले पनि भन्न सक्ने अवस्था रहेन । उनीहरूको नृत्य देखेपछि प्रधानाध्यापकले मुखै फोरेर तारिफ गर्नुभयो । अकबरी सुनलाई कसी लगाउनुपर्दैन भनेर उपस्थित सबैले उनीहरूको प्रशंसा गरे ।

४. **तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको पदवर्ग पहिचान गर्नुहोस् :** (३)
नेपाली समाज संसारमा अरूभन्दा भिन्न छ, विशिष्ट छ । पहिचान भनेको अरूभन्दा विशिष्ट हुनु नै त हो नि ! यो कुरा कसलाई थाहा छैन र ! यो सबैले बुझ्न सक्छन् ।

५. **तलको अनुच्छेदबाट दुईओटा तत्सम शब्द र दुईओटा आगन्तुक शब्द पहिचान गरी लेख्नुहोस्:** (२)
नेपालीले खुन र पसिना बगाएर ल्याएको गणतन्त्रको सुरक्षा गर्नु सबैको कर्तव्य हो । कैयौँ दिनसम्म जुलुस लगाउँदै पुलिसको लट्ठी खाएर पाएको स्वतन्त्रता रुखबाट पात खसे झैँ हातबाट खुस्कियो भने त्यति ठुलो बलिदान त्यसै खेर जाने छ ।

६. **कुनै एकको उत्तर दिनुहोस् :** (३)

(क) **तलका उपसर्ग र प्रत्ययबाट एकएक शब्द निर्माण गर्नुहोस् :**
उपसर्ग : अन, ना, कु ।
प्रत्यय : ऐया, इत, ता ।

(ख) **तलको अनुच्छेदबाट तीन समस्त शब्द र तीन द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व शब्दको निर्माणप्रक्रिया देखाउनुहोस् :**
हामीले आफ्नो रुचिक्षेत्रमै कामधन्दा गर्ने, एकआपसको खन्खाँचो टार्ने, चौबाटामा बसेर कसैका पनि कुरा नकाट्ने, जसरीतसरी सङ्घर्ष गर्दै कर्तव्यपथमा लम्कने अनि हाँसीहाँसी जीवनरथ चलाउने प्रयासमा लाग्नुपर्ने छ ।

७. **कुनै एकको उत्तर दिनुहोस् :** (४)

(क) **तलको अनुच्छेदमा रेखाङ्कित पदहरूको कारक पहिचान गरी लेख्नुहोस् :**
झोलामा राखेको त्यो कलम मलाई मामाले विदेशबाट पठाइदिनुभएको हो । मैले हिजो त्यही कलमबाट परीक्षा दिएँ । म त्यही कलमबाट कथा रच्ने छु र पत्रिकामा छपाउने छु । सरले मलाई बोलाउनु हुने छ र कथा लेख्न हौस्याउनु हुने छ ।

(ख) **तलका वाक्यलाई उच्च आदरमा परिवर्तन गर्नुहोस् :**
तिमी मिहिनेती छौ । तिमीले आफ्नो बानीबेहोरा सपारेका छौ । तिमीले भाइबहिनीलाई माया गरेका छौ । तिमीले सानालाई समेत माया गर्न भुलेका छैनौ ।

८. **कुनै एकको उत्तर दिनुहोस् :** (४)

(क) **सम्भावनार्थक क्रियापदको प्रयोग गरी चार वाक्यमा आफ्नो भविष्यको योजनाका बारेमा वर्णन गर्नुहोस् ।**

(ख) **तल दिइएका वाक्यको वाच्य परिवर्तन गर्नुहोस् :**
यसपालि खेलकुद प्रतियोगितामा भाग लिइन्छ । राष्ट्रका लागि कम्तीमा एउटा पदक जितिन्छ । राष्ट्रको नाम राख्न पछि परिँदैन । खेलकुदमै जीवन समर्पित गरिने छ ।

९. **कुनै एकको उत्तर दिनुहोस् :** (४)

(क) **तलका जटिल वाक्यहरूलाई आठओटा सरल वाक्यमा विश्लेषण गर्नुहोस् :**
साथीहरू वनभोजका लागि रमणीय ठाउँतिर जान्छन् र दिनभर नाचगान गरेर रमाइलो गर्छन् । जब हिउँद लाग्छ तब साथीहरू वनभोज नगई छाड्दैनन् । विद्यालयबाट हरेक वर्ष साथीहरू वनभोज जान रुचाउँछन् किनभने उनीहरू वनभोजमा हदैसम्म रमाइलो गर्ने गर्दछन् । मानिसहरू जीवनमा रमाइलो गर्न रुचाउँछन् तसर्थ उनीहरू बेलाबेलामा बहिरतिर घुमफिर गर्ने गर्दछन् ।

(ख) **तलका वाक्यलाई प्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् :**
रमेशले बहिनीलाई ध्यान दिएर पढ्न अनुरोध गऱ्यो ।
बहिनीले अब आफू सधैँ पढाइमै लाग्ने जवाफ दिई ।
रमेशले राम्ररी पढे जागिर पाइने छ भनेर बहिनीलाई भन्यो ।
बहिनीले आफू राम्ररी पढाइमा लाग्ने कुरा गरी ।

१०. **दिइएको अनुच्छेद पढी अन्त्यमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् :** (५)
'समालोचना' शब्दको सामान्यार्थ कुनै पनि विषयवस्तु वा कुरालाई सबै कोणबाट हेर्नु भन्ने हुन्छ । साहित्यका सन्दर्भमा भने कुनै पनि साहित्यिक कृतिको निष्पक्षताका साथ गुण र दोषको अवलोकन गर्नु भन्ने अर्थ हुन्छ । अझ भन्दा कुनै पनि साहित्यिक कृतिको गुण र दोषको निरूपण गरी उक्त कृतिको व्याख्या र मूल्याङ्कन गर्नु नै समालोचना हो भन्न सकिन्छ । समीक्षा, आलोचना, विवेचना र पाठक प्रतिक्रिया शब्दले पनि समालोचनाले सङ्केत गर्ने अर्थ दिने भएकाले यिनलाई पनि समालोचनाकै नामान्तरका रूपमा लिने गरिन्छ । समालोचना सृष्टिप्रतिको दृष्टि हो । सृष्टि भनेको सिर्जना हो भने दृष्टि भनेको त्यसलाई हेर्ने साधन वा काम हो । कुनै पनि सृष्टिको सौन्दर्यको अवलोकन, विश्लेषण र मूल्याङ्कनका लागि दृष्टिको आवश्यकता पर्ने भएकाले हरेक क्षेत्रमा पहिले सृष्टि वा सिर्जना हुन्छ त्यसपछि मात्र त्यस वस्तुको अवलोकन गर्ने दृष्टिको विकास हुन्छ । समग्र संसारकै कुरा गर्दा पनि पहिले जगत्को सृष्टि भएको र त्यसपछि मात्र उक्त जगत्का सौन्दर्यको अवलोकन र विश्लेषण गर्ने दृष्टियुक्त जीवको विकास भएको देखिन्छ । समालोचना पनि सिर्जनालाई हेर्ने दृष्टि भएकै कारण सिर्जनाभन्दा कनिष्ठ विधा हो । विश्व साहित्यमा नै समालोचना सिर्जनापछि आउनुले यस कुराको पुष्टि हुन्छ । पूर्वमा 'रामायण' र 'महाभारत' को सिर्जना भएपछि मात्र तिनका विषयमा विविध पक्षको अवलोकन गर्ने उद्देश्यले भरत मुनिले 'नाट्यशास्त्र' को रचना गरेका हुन् । पश्चिममा होमरका सिर्जनात्मक कृति 'इलियड' र 'ओडिसी' को रचना गरिएको लामो समयपछि मात्र प्लेटोका समालोचनासम्बन्धी विभिन्न विचार र एरिस्टोटलको 'काव्यशास्त्र' आएका छन् ।

नेपाली साहित्यकै कुरा गर्दा पनि उदयानन्द अर्ज्यालको 'पृथ्वीन्द्रोदय', भानुभक्त आचार्यको 'रामायण' आदि धेरै काव्यकृतिको सिर्जना भइसकेपछि मात्र उक्त कृतिका गुणदोषको मूल्याङ्कन हुन थालेको देखिन्छ । नेपालीमा कवि र काव्यकृतिको अवलोकन र मूल्याङ्कन गर्ने उद्देश्यले रचना गरेको 'कवि भानुभक्ताचार्यको जीवन चरित्र' नेपाली साहित्यप्रतिको दृष्टि प्रस्तुत भएको पहिलो कृति हो । मोतीरामको यो कृति जीवनीपरक भए पनि प्रस्तुत कृतिमा कवि भानुभक्त र उनको काव्य 'रामायण' का बारेमा केही विवेचनात्मक दृष्टि प्रस्तुत भएकाले नेपाली समालोचनाको प्रथम कृति यसैलाई मानिएको छ । त्यसैले कुनै पनि साहित्यकारका विशेषता वा साहित्यिक कृतिका गुणदोषको वस्तुगत विवेचना गर्ने विधा नै समालोचना हो ।

**प्रश्नहरू**

(क) समालोचनाको मुख्य काम के हो ?

(ख) 'सृष्टि' र 'दृष्टि' शब्दले के के कुरा बुझाएका छन् ?

(ग) पाश्चात्य साहित्यका प्रथम सिर्जनात्मक र समालोचनात्मक कृति कुन कुन हुन् ?

(घ) 'कवि भानुभक्ताचार्यको जीवन चरित्र' जीवनीपरक कृतिलाई किन नेपाली समालोचनाको प्रथम कृति मानिन्छ ?

(ङ) समालोचना कस्तो विधा हो ?

**११. दिइएको अनुच्छेद पढी मुख्य मुख्य चारओटा बुँदा टिपोट गरी सारांश लेख्नुहोस् :** (२+३=५)

सुखी र समृद्ध जीवनका लागि सुस्वास्थ्य अपरिहार्य कुरा हो । समुचित आहारविहारबाट सुस्वास्थ्यको प्राप्ति हुन्छ । पूर्वीय संस्कृतिको के मान्यता छ भने आहार र विहारमा ध्यान दिने हो भने सुस्वास्थ्यको संरक्षण गर्न कठिनाइ हुँदैन । अहिले संसारमा जति पनि स्वास्थ्यसम्बन्धी सङ्कट देखा परेका छन् । ती सबै आहार र विहारमा समुचित ध्यान नदिनाका परिणाम हुन् । अहिले संसारभर फैलिएको कोरोना भाइरसको प्रकोप पनि आहारविहारमा गरिएको लापर्बाहीका कारण उत्पन्न भएको हो भन्ने विचार अधिकांश चिकित्सकको रहेको छ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार कोरोनाको सङ्केत पनि जथाभावी आहारकै परिणति हो । त्यसैले स्वास्थ्य संरक्षणका लागि उपयुक्त र सन्तुलित आहारमा ध्यान दिनु अत्यावश्यक छ । सन्तुलित आहारमा ध्यान दिनु भनेकै रोग लाग्नुभन्दा पूर्व सचेत हुनु हो । रोग लागेर उपचार गर्नुभन्दा पहिले नै सचेत बनी रोग लाग्न नदिनु नै बुद्धिमत्ता हो । रोग लागिसकेपछिको स्थिति कति विकराल हुन्छ भन्नेबारेमा अहिले हामी सम्पूर्णतः परिचित भएका छौँ । अहिले विश्वव्यापी रूपमा देखिएको कोरोना सङ्कटबाट एकातिर विकासका काम अवरुद्ध भएका छन् भने अर्कातिर देशको सञ्चित अर्थराशि पनि विकास कार्यमा प्रयोग नभई रोग निराकरणमा उपयोग गरिएको छ । त्यसैले स्वास्थ्य प्रतिकूल हुनु भनेको जीवन पीडादायी हुनाका साथै विकास र समृद्धिमा अवरोध पुग्नु हो ।

**१२. कुनै एकको उत्तर दिनुहोस् :** (४)

(क) सनसिल्क कम्पनीले आफूले उत्पादन गरेको पूर्णतः चाया हटाउने स्याम्पुको प्रचार गर्नका लागि प्रकाशित गर्ने विज्ञापनको नमुना तयार पार्नुहोस् ।

(ख) नेपाल घरेलु सामान उत्पादन कम्पनीले आफ्ना मालिकमाथि लागेको भ्रष्टाचारको आरोपमा कुनै सत्यता नभएको भनी प्रकाशित गर्ने विज्ञप्तिको नमुना तयार पार्नुहोस् ।

**१३. कुनै एकको उत्तर दिनुहोस् :** (५)

(क) तपाईंको विद्यालयले आयोजना गरेको खेलकुद कार्यक्रमको विवरण समेटेर १५० शब्दसम्मको प्रतिवेदन तयार पार्नुहोस् ।

(ख) 'नेपालमा सवारी दुर्घटनाको भयावह अवस्था' शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस् ।

**१४. कुनै एकको व्याख्या गर्नुहोस् :** (४)

(क) टाकुरामा कुहिराको दौडादौडी होला<br>
लेकदेखि इन्द्रेनीले वनबेँसी छोला<br>
भेडा चर्लान् निगालाको टुप्पा हिलाएर<br>
चम्री चर्लान् चमरको झुप्पा झुलाएर ।

(ख) नेपाल प्राकृतिक रूपले जति सुन्दर छ त्यति नै सयौँ जाति, सयौँ भाषा र अनेक संस्कृतिले सुसज्जित पनि छ ।

**१५. कुनै एकको उत्तर दिनुहोस् :** (४)

**(क) दिइएको रिपोर्ताज अंश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

हामीले विकल्प खोज्नुपर्छ । सबैले उही काम गरेर हुँदैन । हाम्रा आवश्यकता असीमित छन् । तिनको परिपूर्तिका लागि विविधता आवश्यक हुन्छ तर नगर्नुभन्दा केही गर्नु राम्रो हो । 'देखासिकी गरी खा आरिसे मरी जा' भन्ने हाम्रो उखान पनि छ । जहाँसम्म हाम्रो जस्तो उद्योगको कुरा छ, त्यसमा भने अहिले कति पनि काम भएकै छैन । हामीले गरेका काम त हात्तीका मुखमा जिरा जस्ता मात्रै हुन् । यस्ता हजारौँ उद्योग हुनुपर्छ । केही कुरामा भने हामीले ध्यान दिनैपर्छ । पहिलो कुरा हो गुणस्तरमा सम्झौता गर्नुहुँदैन । दोस्रो कुरा स्वस्थ प्रतिस्पर्धा, सहकार्य र आदानप्रदानको संस्कृति बसाउनुपर्छ । त्यसो गर्न सके हामी जति धेरै उत्पादन त्यति धेरै फाइदाको अवस्थामा जान्छौँ ।

**प्रश्नहरू**

(अ) "नगर्नुभन्दा केही गर्नु राम्रो हो" भन्नाको तात्पर्य के हो ?

(आ) जति धेरै उत्पादन त्यति धेरै फाइदाको अवस्थामा पुग्ने उपाय के हो ?

**(ख) दिइएको नियात्रांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

टाउकामा चिप्लो न चिप्लो बरफको केश फुलाएर आफ्नो अररो वृद्ध शरीरमा काला रुखको जिङ्ग्रिङे झुल्ला ठड्याई यो घनघस्या गजधुम्म परेर बसेको छ । यो मान्छेहरूसित रिसाएको छ, अग्घोरै रिसाएको छ, अघोरी गाड जत्तिकै रिसाएको छ अनि पोखरेली सेती जत्तिकै रिसाएको छ । सेती नदी पृथ्वीको पेटमा भासिँदै जाओस्, यो चाहिँ ठडिएको ठडियै छ । यसले कहिल्यै त टाउको झुकाउला कि भनेर मैले निरीक्षण गरिहेरेँ तर त्यस्तो लक्षण कतै भेटिएन । उल्टो यो झन् झन् दृढ हुँदै गइरहेको पो मैले पाएँ ।

**प्रश्नहरू**

(अ) सेती नदी र घनघस्याका बिचमा रहेका समानता र भिन्नता के के हुन् ?

(आ) घनघस्यालाई कसरी मानवीकरण गरिएको छ ?

**१६. कुनै एकको उत्तर दिनुहोस् :** (४)

(क) 'सहकारी' निबन्धमा समाजको आर्थिक विकासमा सहकारीले खेल्ने भूमिका तपाईंलाई कस्तो लागेको छ, प्रतिक्रिया लेख्नुहोस् ।

(ख) 'मातृत्व' कथामा ममताले पतिको निधनपछि सुबोधलाई पतिको स्थान दिनु उचित थियो त, आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

**१७. कुनै एकको समीक्षात्मक उत्तर दिनुहोस् :** (८)

(क) 'आमाको सपना' कवितामा के कस्तो भाव व्यक्त गरिएको छ, समीक्षा गर्नुहोस् ।

(ख) 'मानिस सिर्जनशील प्राणी हो' यस भनाइलाई 'गोर्खे' कथाका आधारमा पुष्टि गर्नुहोस् ।

**१८. कुनै एक शीर्षकमा कम्तीमा २५० शब्दसम्मको निबन्ध लेख्नुहोस् :** (८)

(क) हाम्रो देशको प्राकृतिक सौन्दर्य

(ख) स्वतन्त्रताको महत्त्व

(ग) किसानको जीवन

**समाप्त**